रोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पहरीगाउँ, इलाम

कोशी प्रदेश, नेपाल


☏ अध्यक्ष – ९८५२६७८७३२

☏ उपाध्यक्ष - ९८४४६३१५१७

☏ प्र.प्र.अ. – ९८५२६४२०२०


## कार्यपालिकाको बैठकको उपस्थिती पुस्तिका

आ.ब. २०८१/०८२

मितिः २०८१/०७/२० गते

बैठक संख्याः ०४-२०८१/०८२ स्थानः गाउँ कार्यपालिकाको कार्यालय अध्यक्षताः श्री मनि कुमार स्याङ्बो

| क्र.स. | पद | नामथर | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री मनि कुमार स्याङ्बो | ९८५२६७८७३२ | |
| २ | उपाध्यक्ष | श्री बिष्णुमाया खवास | ९८४४६३१५१७ | |
| ३ | १ नं. वडाध्यक्ष | श्री मनोहरी खड्का | ९८५२६४०५७० | |
| ४ | २ नं. वडाध्यक्ष | श्री चन्द्र शेखर धिमिरे | ९८१६९५३४९३ | |
| ५ | ३ नं. वडाध्यक्ष | श्री मातृका बराल | ९८४२६२४११४ | |
| ६ | ४ नं. वडाध्यक्ष | श्री राज कुमार लाप्चा | ९८१४०४०२९४ | |
| ७ | ५ नं. वडाध्यक्ष | श्री दल बहादुर पुलामी | ९८४१७००३४० | |
| ८ | ६ नं. वडाध्यक्ष | श्री सत्यम राई चौरासे | ९८६४६९१२३२ | |
| ९ | सदस्य | श्री नानु तामाङ | ९८१४९१२२३१ | |
| १० | सदस्य | श्री मिनादेवी तामाङ | ९८२४९६७९६२ | मिना |
| ११ | सदस्य | श्री लक्ष्मी नेपाली | ९८१४०८७४७१ | |
| १२ | सदस्य | श्री इन्दिरा देवी विश्वकर्मा | ९८०४९२९०९९ | |
| १३ | सदस्य | श्री युवराज खापुवा राई | ९८४२६६८३१४ | |
| १४ | सदस्य | श्री दया कुमारी दियाली | ९८१६०३२६०७ | दया |
| १५ | सचिव | श्री अनिल तिखत्री | ९८५२६४२०२० | |
| १६ | आमन्त्रित | श्री नारायण अर्याल | ९८५२६४४६९९ | |
| १७. | " | मनिष भट्टराई | | |

रोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पहरीगाउँ, इलाम, कोशी प्रदेश, नेपाल

( अध्यक्ष – ९८५२६७८७३२
( उपाध्यक्ष - ९८४४६३१५१७
( प्र.प्र.अ. – ९८५२६४२०२०

## कार्यपालिकाको बैठकको निर्णय पुस्तिका

आ.व. २०८१/०८२ | स्थान: गाउँ कार्यपालिका कार्यालय | मिति: २०८१/०७/२० गते मंगलबार

बैठक संख्या: ०४-२०८१\०८२ | उपस्थित संख्या: १६ | अध्यक्षता: मनि कुमार स्याङ्वो, अध्यक्ष, रोङ गाउँपालिका | समय: ११ बजे

| क्र.स. | प्रस्तावहरु | निर्णयहरु | जिम्मेवार व्यक्ति/निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | समिक्षा सम्बन्धमा। | यस कार्यपालिकाबाट यस अघि गरिएको विभिन्न निर्णयहरुको कार्यान्वयन सम्बन्धमा प्रत्येक वडाको वडा अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र अन्य शाखाको शाखा प्रमुखहरुले जानकारी गराउनु भयो । विगतको समयमा गरेको निर्णयहरुको कार्य सम्पादन सन्तोष जनक रहेको पाइयो । साथै प्रत्येक वडाको वडा अध्यक्ष ज्यूहरुले आ-आफ्नो वडामा सञ्चालन गरिएको र आगामी दिनमा सञ्चालन गरिने योजनाहरुको जानकारी गराउनु भयो । गाउँपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकीहरुको कार्यहरु समग्रमा सन्तोष जनक रहेको जानकारी प्राप्त भयो । | | |
| २ | शिक्षकहरुलाई ल्यापटप खरिदमा व्याज अनुदान प्रदान गर्ने सम्बन्धमा। | यस गाउँपालिका भित्र रहेको सामुदायिक विद्यालयहरुमा कार्यरत स्थायी तथा राहत शिक्षकहरुको लागि आवश्यक ल्यापटप खरिद गर्न बैंकबाट किस्ताबन्दि रुपमा ल्यापटप खरिद कार्य अगाडि बढाउने साथै किस्ताबन्दिमा ल्यापटप खरिद गर्दा लाग्ने १ बर्षको व्याज गाउँपालिकाले व्याज अनुदान प्रदान गर्ने र किस्ताबन्दिमा ल्यापटप खरिद गर्न चाहने शिक्षकहरुको लागि सूचना प्रकाशित गर्ने सर्वसहमतिले निर्णय गरियो । | शिक्षा, यूवा तथा खेलकुद शाखा | |
| ३ | अनिवार्य मृत्यु दर्ता र समवेदना सम्बन्धमा। | यस गाउँपालिका भित्र बसोबास गर्नुहुने व्यक्तिहरुको मृत्यु भएको खण्डमा अनिवार्य मृत्युदर्ता गर्न घटना भएकै मितीमा सम्बन्धित वडाले निजको घरमै घटना दर्ता गर्ने व्यवस्था मिलाउने साथै गाउँपालिका भित्र एकै प्रकारको अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्षहरुको समवेदना सन्देश सहितको "रोङ गाउँपालिका शोक पुस्तिका" को डिजाइन र प्रिन्ट गरी प्रयोगमा ल्याउने सो शोक पुस्तिका घटना भएको घरमा तत्काल पुर्याउने सर्वसहमतिले निर्णय गरियो । | | |

रोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पहरीगाउँ, इलाम, कोशी प्रदेश, नेपाल

अध्यक्ष – ९८५२६७८७३२
उपाध्यक्ष - ९८४४६३१५१७
प्र.प्र.अ. – ९८५२६४२०२०

## कार्यपालिकाको बैठकको निर्णय पुस्तिका

आ.व. २०८१/०८२ स्थान: गाउँ कार्यपालिका कार्यालय मिति: २०८१/०७/२० गते मंगलबार

बैठक संख्या: ०४-२०८१\०८२ उपस्थित संख्या: १६ अध्यक्षता: मनि कुमार स्याङ्वो, अध्यक्ष, रोङ गाउँपालिका समय: ११ बजे

| | | | | |
|---|---|---|---|---|
| ४ | शान्ति निकेतन मा.वि. खेल मैदान सम्बन्धमा । | यस गाउँपालिका वडा नं. ३ मा रहेको श्री शान्ति निकेतन मा.वि.को खेल मैदान निर्माणको चरणमा रहेको छ। हाल त्यस खेल मैदानमा ढुङ्गा टिप्ने, माटो व्यवस्थापन गर्ने, घाँस काट्ने जस्ता कार्य नगरिएकोले खेलमैदानलाई विभिन्न प्रतियोगिता सञ्चालन तथा खेल अभ्यास सञ्चालन गर्नको लागि वडा अध्यक्ष, प्राविधिक कर्मचारीको निगरानीमा डोर हाजिरीमा खेल मैदान व्यवस्थापन गर्ने सर्वसहमतिले निर्णय गरियो। | प्राविधिक शाखा, योजना शाखा | |
| ५ | आँखा शिविर सञ्चालन गर्ने सम्बन्धमा। | यस गाउँपालिका र नेत्र ज्योती संघ इलामको साझेदारीमा मिति २०८१/०५/०४ देखि असोज १८ गते सम्म रोङ गाउँपालिकाको सम्पूर्ण वडामा प्राविधिक टोली सहित सञ्चालन भएको "आँखा तथा कान सम्बन्धी स्कृनिङ्ग शिविर" बाट ३ हजार ८ सय व्यक्तिहरुको स्कृनिङ्ग गर्दा आँखा सम्बन्धि समस्या भएका १५२ जनाको व्यक्तिहरुको आँखाको शल्यक्रिया गर्नुपर्ने भएकोले यस गाउँपालिकाको वडा नं. ३ मा रहेको कोल्बुङ्ग स्वास्थ्य चौकीमा मंसिर ९ देखि ११ गते सम्म आखाँको शल्यक्रिया सहितको आँखा शिविर सञ्चालन गर्ने र त्यस शिविरमा यस गाउँपालिकाबाट शिविर व्यवस्थापनको लागि "रोगको खोजी वृहत शिविर" शिर्षकबाट बजेट व्यवस्थापन गर्ने सर्वसहमतिले निर्णय गरियो। | स्वास्थ्य शाखा | |
| ६ | सरस्वती मा.वि.को घेराबारा सम्बन्धमा। | रोङ गाउँपालिका वडा नं. ४ मा रहेको सरस्वती मा.वि. मा खेलमैदान सहित वरपर घेराबारा नभएकोले त्यस विद्यालयमा अध्ययनरत विद्यार्थी खेल्नेक्रममा लडेर घाइते भएको र अन्य विद्यार्थीहरुको त्यस प्रकारको दुर्घटना नहोस भनि त्यस विद्यालयको अफ्टेरो स्थानमा प्राविधिक लागत अनुमान बमोजिम तत्काल घेराबारा गर्ने सर्वसहमतिले निर्णय गरियो। | प्राविधिक शाखा, योजना शाखा | |

रोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पहरीगाउँ, इलाम, कोशी प्रदेश, नेपाल

अध्यक्ष – ९८५२६७८७३२
उपाध्यक्ष - ९८४४६३१५१७
प्र.प्र.अ. – ९८५२६४२०२०

## कार्यपालिकाको बैठकको निर्णय पुस्तिका

आ.व. २०८१/०८२

स्थान: गाउँ कार्यपालिका कार्यालय

मिति: २०८१/०७/२० गते मंगलबार

बैठक संख्या: ०४-२०८१\०८२ उपस्थित संख्या: १६ अध्यक्षता: मनि कुमार स्याङ्वो, अध्यक्ष, रोङ गाउँपालिका

समय: ११ बजे

| | | | | |
|---|---|---|---|---|
| ७ | अध्यक्ष संग विद्यार्थी विद्यालयमा आधारित उद्यमशिलता कार्यक्रमको कार्यविधि,२०८० संशोधन गर्ने सम्बन्धमा। | यस गाउँपालिका भित्र रहेको सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको चौतर्फी विकास, व्यवस्थापन, तथा विभिन्न कार्यक्रम सञ्चालनको लागि यस गाउँपालिकाबाट जारी गरिएको "अध्यक्ष संग विद्यार्थी विद्यालयमा आधारित उद्यमशिलता कार्यक्रमको कार्यविधी, २०८०" मा भएको व्यवस्थामा देहाय बमोजिमको संशोधन गर्ने सर्वसहमतिले निर्णय गरियो।<br>१. रु १ बचत कार्यक्रमः यस गाउँपालिकाले निर्माण गरी लागू गरेको "अध्यक्ष सँग विद्यार्थी, विद्यालयमा आधारित उद्यमशिलता कार्यक्रम कार्यविधि, २०८०" मा रु. १ बचत कार्यक्रमलाई धेरै वटा परिच्छेदमा राखिएकोले रु. १ बचत कार्यक्रमको प्रावधानहरुलाई एउटै परिच्छेदमा राख्ने।<br>२. टुहुरा विद्यार्थी व्यवस्थापन सम्बन्धमाः यस गाउँपालिका भित्र रहेको टुहुरा विद्यार्थीहरुको व्यवस्थापन, शिक्षा, पालनपोषण तथा अन्य विभिन्न सहयोगको लागि आवश्यक पर्ने प्रावधानहरुलाई समेटि "अध्यक्ष सँग विद्यार्थी, विद्यालयमा आधारित उद्यमशिलता कार्यक्रम कार्यविधी, २०८०" मा एक परिच्छेदमा राख्ने। | शिक्षा, युवा तथा खेलकुद शाखा | |
| ८ | बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि, २०८१ सम्बन्धमा। | १. स्थानीय तहमा बालबालिकाहरुको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपुर्ति, पालना र सम्वर्धनका लागि यस गाउँपालिकाको "बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि, २०८१" लाई सर्वसहमतिले पास गर्ने निर्णय गरियो।<br>२. यस गाउँपालिकाको बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि, २०८१ को परिच्छेद ५ को दफा १४ मा भएको व्यवस्था बमोजिम रोङ गाउँपालिकाको "गाउँपालिका स्तरीय बाल अधिकार समिति" देहाय बमोजिम गठन गर्ने सर्वसहमतिले निर्णय गरियो॥<br>देहायः | | |

रोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पहरीगाउँ, इलाम, कोशी प्रदेश, नेपाल

☎ अध्यक्ष – ९८५२६७८७३२
☎ उपाध्यक्ष - ९८४४६३१५१७
☎ प्र.प्र.अ. – ९८५२६४२०२०

# कार्यपालिकाको बैठकको निर्णय पुस्तिका

आ.व. २०८१/०८२

स्थान: गाउँ कार्यपालिका कार्यालय

मिति: २०८१/०७/२० गते मंगलबार

बैठक संख्या: ०४-२०८१\०८२ उपस्थित संख्या: १६ अध्यक्षता: मनि कुमार स्याङ्वो, अध्यक्ष, रोङ गाउँपालिका

समय: ११ बजे

| | | | | |
|---|---|---|---|---|
| | | श्री .... अध्यक्ष<br>श्री ....... सदस्य<br>श्री ........ सदस्य<br>श्री......... सदस्य<br>श्री श्रुति कुमारी तामाङ - सदस्य<br>श्री युवराज काफ्ले – सदस्य<br>श्री राधिका तामाङ्ग – सदस्य<br>श्री सदस्य<br>श्री सदस्य<br>श्री सदस्य सचिव | | |
| १ | रोङ गाउँपालिकामा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) स्थानीय समिति गठन तथा परिचालन सम्बन्धी कार्यविधी, २०८१ सम्बन्धमा। | १. मानव बेचबिखन तथा औसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई प्रभावकारी कार्यान्वयन गर्ने साथै यस संग सम्बन्धित विभिन्न नियमावली, निर्देशिका अनुसार मानव बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्ने उद्देश्यका साथ यस गाउँपालिकाबाट निर्माण गरिएको "रोङ गाउँपालिकामा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) स्थानीय समिति गठन तथा परिचालन सम्बन्धी कार्यविधी, २०८१" सर्वसहमतिले पास गर्ने निर्णय गरियो।<br>२. रोङ गाउँपालिकामा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) स्थानीय समिति गठन तथा परिचालन सम्बन्धी कार्यविधी, २०८१ को दफा ३ बमोजिम मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गाउँपालिका स्तरीय समिति देहाय बमोजिम गठन गर्ने सर्वसहमतिले निर्णय गरियो।<br>देहायः | | |

रोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पहरीगाउँ, इलाम, कोशी प्रदेश, नेपाल

अध्यक्ष – ९८५२६७८७३२
उपाध्यक्ष - ९८४४६३१५१७
प्र.प्र.अ. – ९८५२६४२०२०

## कार्यपालिकाको बैठकको निर्णय पुस्तिका

आ.व. २०८१/०८२ स्थान: गाउँ कार्यपालिका कार्यालय मिति: २०८१/०७/२० गते मंगलबार

बैठक संख्या: ०४-२०८१\०८२ उपस्थित संख्या: १६ अध्यक्षता: मनि कुमार स्याङ्वो, अध्यक्ष, रोङ गाउँपालिका समय: ११ बजे

| | | | | |
|---|---|---|---|---|
| | | १. श्री मनि कुमार स्याङ्बो – संयोजक<br>२. श्री बिष्णुमाया खवास – सदस्य<br>३. श्री सत्यमा राई चौरासे – सदस्य<br>४. श्री अनिल तिखत्री – सदस्य<br>५. श्री श्रुती कुमारी तामाङ्ग – सदस्य<br>६. श्री युवराज काफ्ले – सदस्य<br>७. श्री सुरभी गुरुङ्ग – सदस्य<br>८. श्री राधिका तामाङ्ग- सदस्य सचिव | | |
| १० | कृषि उत्पादन सामाग्री सहयोग सम्बन्धमा। | बुद्धशान्ति गाउँपालिका वडा नं. १ मा बुद्धशान्ति प्रेश क्लबले असोज १७ र १८ गते मिडिया कप फुटबल आयोजना गरेको र सो प्रतियोगितामा पाल्नुहुने अतिथिहरुलाई मायाको चिनोकोको रुपमा यस गाउँपालिकामा उत्पादन भएका अर्ग्यानिक सामाग्रीहरु सहयोग स्वरुप माग भइ आएकोले यस गाउँपालिकाको देवानछाप सानाकिसान कृषि सहकारी संस्था लि.बाट उत्पादन भएको “रोङ गुन्द्रुक” ४० प्याकेट उपलब्ध गराइएकोले सोलाई सर्वसहमतिले अनुमोदन गर्ने निर्णय गरियो। | कृषि विकास शाखा | |
| ११ | कार्पेट र साउन्ड सेट उपलब्ध गराउने सम्बन्धमा। | यस गाउँपालिकाको वडा नं. १ मा रहेको श्री कृष्ण प्रणामी सत्सङ्ग सेवा समितिको माग निवेदन माथि छलफल गर्दा त्यस कृष्ण प्रणामी सत्सङ्ग सेवा भवनको लागि प्राविधिक लागत अनुमान बमोजिम कार्पेट र १ थान साउन्ड खरिद गरी उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो। | जिन्सी शाखा | |
| १२ | विज्ञापन उपलब्ध गराउने सम्बन्धमा। | वान्तवा राई भाषामा प्रकाशित हुने “बुङ्वाखा” मा किरात राईहरुको महान चाड उँधौली साकेन्वा / साकेवा २०८१ को अवसरमा “पछाडि कभर बाहिर आधा” मा शुभकामना विज्ञापन उपलब्ध गराउने र सोको लागि | आर्थिक प्रशासन शाखा | |

रोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पहरीगाउँ, इलाम, कोशी प्रदेश, नेपाल

( अध्यक्ष – ९८५२६७८७३२
( उपाध्यक्ष - ९८४४६३१५१७
( प्र.प्र.अ. – ९८५२६४१०२०

## कार्यपालिकाको बैठकको निर्णय पुस्तिका

आ.व. २०८१/०८२ स्थान: गाउँ कार्यपालिका कार्यालय मिति: २०८१/०७/२० गते मंगलबार

बैठक संख्या: ०४-२०८१\०८२ उपस्थित संख्या: १६ अध्यक्षता: मनि कुमार स्याङ्वो, अध्यक्ष, रोङ गाउँपालिका समय: ११ बजे

| | | | | |
|---|---|---|---|---|
| | | तोकिएको विज्ञापन शुल्क रु. ९०००/- (नौ हजार मात्र) उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो । | | |
| १३ | योजनाको म्याद थप गर्ने सम्बन्धमा । | यस गाउँपालिका वडा नं. ३ मा रहेको श्री शान्ति निकेतन माध्यमिक विद्यालय (नमुना विद्यालय) को आ.व. २०८०/०८१ को संघीय शसर्त अनुदान अन्तर्गत विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वनका लागि कार्य सम्पन्नमा आधारित अनुदान शिर्षकमा प्राप्त बजेटबाट विद्यालयमा संचालय भईरहेको र कामहरु अत्यधिक वर्षाको कारणले माटो कटिङ र रंग रोगनको काम गर्न नसकिएकोले उक्त योजनाको समयावधि २०८१/११/१५ सम्मको लागि योजनाको म्यादथप गर्ने सर्वसहमतिले निर्णय गरियो । | योजना शाखा | |